# प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०

आन्तरिक मामिला तथा का... बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०८०।०२।०८

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक तह माथिको अधिकारी" भन्नाले सरकारी निकायतर्फ सम्बन्धित सार्वजनिक निकायभन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री, प्रदेशस्थित आयोगका प्रशासनिक प्रमुखको हकमा सम्बन्धित आयोगका प्रमुख र अन्य सार्वजनिक निकायको हकमा खरिद गर्ने निकायभन्दा एक तह माथिको निकाय भएमा त्यस्तो निकायको प्रमुख र एक तह माथिको निकाय नभएमा त्यस्तो निकायको सञ्चालक समिति वा यस्तै अन्य निकाय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) “ऐन” भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ग) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ङ) “विभागीय प्रमुख” भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत एघारौ तह वा सो सरहको वा सो भन्दा माथिल्लो तहको कार्यालय प्रमुख सम्झनु पर्छ।

(च) “सचिव” भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिवलाई समेत जनाउँछ।

३. <u>**लागत अनुमानको स्वीकृतिः**</u> (१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

(ख) दश करोड रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

(ग) दश करोड रूपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः–

(क) बीस लाख रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

(ख) पचास लाख रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

(ग) पचास लाख रूपैयाँभन्दा बढी रकमको लागत अनुमान विभागीय प्रमुखबाट।

(३) सार्वजनिक निकायको प्रमुख आफैंले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ।

४. **<u>बोलपत्र तथा प्रस्ताव सम्बन्धी कागजात स्वीकृत गर्नु पर्नेः</u>** बोलपत्र आह्वान सम्बन्धी कागजात तथा प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भए पछि त्यस्तो कागजात बोलपत्र वा प्रस्ताव आह्वान अगावै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नियम ३ बमोजिम लागत अनुमान स्वीकृत गर्ने अधिकारीले स्वीकृत गर्नु पर्नेछ।

५. **<u>प्रस्ताव मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था:</u>** (१) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा मूल्याङ्कन समितिले सम्बन्धित मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम मूल्याङ्कन समितिबाट लेखी आएमा सम्बन्धित मन्त्रालयले आफ्नो राय सहितको प्रस्ताव तयार गरी प्रदेश सरकार समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम राय सहितको प्रस्ताव प्राप्त हुन आएमा प्रदेश सरकारले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न मूल्याङ्कन गरिसक्नु पर्ने अवधिभित्र निर्देशन दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपनियम (३) बमोजिम निर्देशन भई आएमा समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ।

६. **<u>बोलपत्र स्वीकृत गर्ने अधिकारीः</u>** (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः–

(क) दश करोड रूपैयाँसम्मको बोलपत्र अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको कार्यालय प्रमुख,

(ख) बीस करोड रूपैयाँसम्मको बोलपत्र अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको कार्यालय प्रमुख,

(ग) बीस करोड रूपैयाँभन्दा बढीको बोलपत्र विभागीय प्रमुख।

(२) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ।

७. **<u>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारीः</u>** (१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) बीस लाख रूपैयाँसम्मको प्रस्ताव अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको कार्यालय प्रमुख,

(ख) एक करोड रूपैयाँसम्मको प्रस्ताव अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको कार्यालय प्रमुख,

(ग) एक करोड रूपैयाँभन्दा बढीको प्रस्ताव विभागीय प्रमुख।

(२) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

८. **<u>भेरिएसन आदेशः</u>** (१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन विभागीय प्रमुखले,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिवले,

(घ) पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा प्रदेश मन्त्रिपरिषद्ले र ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम भेरिएसन आदेश जारी गर्दा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरूको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश मन्त्रिपरिषद्ले र ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरूको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपनियम (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा साठी लाख रूपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश सम्बन्धित मन्त्रालयको सचिवले जारी गर्न सक्नेछ।

९. **<u>खरिद कार्यको अनुगमनः</u>** यस नियमावली बमोजिम सार्वजनिक निकायबाट भएको खरिद सम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई हुनेछ।

१०. **<u>अधिकार प्रत्यायोजनः</u>** प्रदेश सरकारले यस नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आफू मुनीको कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

११. **<u>यसै नियमावली बमोजिम हुनेः</u>** यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

१२. **<u>खारेजी र बचाउः</u>** (१) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ खारेज गरिएको छ।

(२) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश